नेपाली राजदूतावास
कुवेत
**Embassy of Nepal**
State of Kuwait.

ســـــفـــارة نيـــبـــال
دولة الكويت

## नेपाली राजदूतावास, कुवेतको अनुरोध

कुवेत तथा ईराकमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूलाई यस राजदूतावास निम्न बमोजिम जानकारी तथा विशेष अनुरोध गर्दछ:

१. कुवेत तथा ईराकको आधिकारिक निकायहरूबाट प्रेषित हुने समाचार/निर्देशन/सूचनाहरूलाई पालना गर्दै अफवाहको पछि नलाग्नुहुन।

२. अफवाहपूर्ण सूचना सामग्रीहरू सामाजिक सञ्जालमा साझा (share/post) नगर्नुहुन।

३. सरकारले प्रतिबन्ध लगाएका कार्यहरू नगर्नु/नगराउनुहुन।

४. आकाशमा देखिने कुनै पनि हवाई आक्रमण तथा प्रतिरक्षाका घटनाहरू तथा घटनास्थलको तस्बिर/भिडियो नखिच्न तथा सामाजिक सञ्जालमा साझा (share/post) नगर्नका लागि कुवेत सरकारले प्रकाशित गरेको सूचना पूर्ण रुपमा पालना गर्नुहुन।

५. कुनै अपरिचित वा शंकास्पद वस्तु नजिक नगइदिनुहुन।

६. साईरन बजेको बेला घर/कार्यस्थल बाहिर भएको अवस्थामा नजिकैको भवनभित्र बस्नु हुन तथा भवनभित्रै भएको अवस्थामा सुरक्षितसाथ भवनभित्रै बसिदिनुहुन तर सिसा/झ्याल/बार्दली छेउछाउ नबसिदिनुहुन।

७. कुवेतमा रहनुभएका नेपाली नागरिकहरूलाई कन्सुलर तथा अन्य सेवा आवश्यक परेको अवस्थामा नेपाली राजदूतावासमा सम्पर्क गर्नुहुन।

**कुवेतस्थित केही महत्वपूर्ण सम्पर्क नं:**

- नेपाली राजदूतावास, कुवेत — +९६५-२५३२१६०३/४/५ (सम्बन्धित सेवाको सम्पर्क नम्बरहरू राजदूतावासको फेसबुक पेजमा २०२६ अप्रिल ६ मा राखिएको सूचनाबाट प्राप्त गर्न सकिने)
- प्रहरी/आगजनी/एम्बुलेन्स — ११२

**नेपाली राजदूतावास**
कुवेत
२०८३ असार २८